# केपिलासगढी गाउँपालिकाको

# आर्थिक ऐन, २०८१

केपिलासगढी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बाक्सिला, खोटाङ

**गाउँसभाबाट प्प्रमाणित भएको मिति- २०८१।०३।०७गते**

# केपिलासगढी गाउँपालिकाको आर्थिक ऐन, २०८१

## केपिलासगढी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन,२०८१

**प्रस्तावनाः**

**केपिलासगढी गाउँपालिका**को आर्थिक वर्ष २०८१/०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम केपिलासगढी गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "केपिलासगढी गाउँपालिकाको आर्थिक ऐन, २०८१" रहेको छ ।
   (२) यो ऐन २०८१ साल श्रावण १ गतेदेखि केपिलासगढी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिकाक्षेत्रभित्र अनुसूची (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)**:गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिकाक्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिकाक्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (५) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

७. **विज्ञापन करः** गाउँपालिकाक्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **पार्किङ शुल्कः** गाउँपालिकाक्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (७) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

९. **बहाल बिटौरी शुल्कः** गाउँपालिकाक्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले अनुसूची (९) मा तोके अनुसार हुने छ ।

११. **घर नक्सा पास शुल्क सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार घर नक्सा पास सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

**अनुसूची १**

**ऐनको दफा (२) संग सम्बन्धित**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने सम्पत्ति करको दररेट (आ.व. २०८१/८२)

| क्र.स. | सेवाको विवरण | दररेट | किफियत |
|---|---|---|---|
| १. | रु १ देखि १ लाखसम्म | | |
| | रु १ लाख १ देखि २ लाख सम्म | | |
| | रु २ लाख १ देखि ३ लाख सम्म | | |
| | रु ३ लाख १ देखि ४ लाख सम्म | | |
| | रु ४ लाख १ देखि ५ लाख सम्म | | |
| | रु ५ लाख १ देखि ६ लाख ५० हजार सम्म | | |
| | रु ६ लाख ५० हजार १ देखि ८ लाख सम्म | | |
| | रु ८ लाख १ देखि १० लाख सम्म | | |
| | रु १० लाख १ देखि १२ लाख ५० हजार सम्म | | |
| | रु १२ लाख ५० हजार १ देखि १५ लाख सम्म | | |
| | रु १५ लाख १ देखि १८ लाख सम्म | | |
| | रु १८ लाख १ देखि २१ लाख ५० हजार सम्म | | |
| | रु २१ लाख ५० हजार १ देखि २५ लाख सम्म | | |
| | रु २५ लाख १ देखि ३० लाख सम्म | | |
| | रु ३० लाख १ देखि ३७ लाख सम्म | | |
| | रु ३७ लाख १ देखि ५० लाख सम्म | | |
| | रु ५० लाख १ देखि ६५ लाख सम्म | | |
| | रु ६५ लाख १ देखि ७५ लाख सम्म | | |

| | | | |
|---|---|---|---|
| | रु ७५ लाख १ देखि १ करोड सम्म | | |
| | रु १ करोड १ देखि १ करोड ४० लाख सम्म | | |
| | रु १ करोड ४० लाख १ देखि २ करोड सम्म | | |
| | रु २ करोड १ भन्दा माथि | | |

माथि उल्लेखित सम्पत्ति कर लागु नभएसम्म तपसिल बमोजिमको दररेट अनुसार वार्षिक घरधुरी कर लागु हुनेछ।

**बजार क्षेत्रको लागि (बाक्सिला गा.वि.स साविक ५,६,७ वडा — बजार क्षेत्र मात्र)**

| क्र.स. | सेवाको विवरण | दररेट रु. मा | कैफियत |
|---|---|---|---|
| १. | दुई वा सो भन्दा बढी तला भएको पक्कि घर | ८०० | |
| २. | एक तले पक्कि घर | ५०० | |
| ३. | अर्ध पक्कि घर | ३०० | |
| ४. | जस्ताको छानो भएको घर | १५० | |
| ५. | टाईलको छानो भएको घर | १५० | |
| ६. | खर वा परालको छानो भएको घर | कर छुट | |

**बजार क्षेत्र बाहेक अन्य सबै क्षेत्रको लागिः**

| क्र.स. | सेवाको विवरण | दररेट रु. मा | कैफियत |
|---|---|---|---|
| १. | दुई वा सो भन्दा बढी तला भएको पक्कि घर | ८०० | |
| २. | एक तले पक्कि घर | ५०० | |
| ३. | अर्ध पक्कि घर | १५० | |
| ४. | जस्ताको छानो भएको घर | ५० | |
| ५. | टाईलको छानो भएको घर | ५० | |
| ६. | खर वा परालको छानो भएको घर | कर छुट | |

## अनुसूची २
## ऐनको दफा (३) संग सम्बन्धित
## भूमिकर (मालपोत) दररेट (आ.व. २०८१/८२)

| जग्गाको प्रकृति | सिमा | जग्गाको किसिम र दर | | | |
|---|---|---|---|---|---|
| | | अवल | दोयम | सिम | चाहार |
| बारी | ० - ५ रोपनी | २० | १५ | १० | ५ |
| | ६ - ११ रोपनी | ७५ | ६० | ५० | ४० |
| | ११ - ३० रोपनी | १०० | ७५ | ६० | ५० |
| | ३१ - ६० रोपनी | १५० | १४० | १३० | १०० |
| | ६० रोपनी भन्दा बढी | २५० | २२५ | २१० | २०० |
| | | | | | |
| खेत | ० - ११ रोपनी सम्म | १०० | ९० | ८० | ७० |
| | ११ - ३० रोपनी | १५० | १४० | १३० | १२० |
| | ३१ — ६० रोपनी | २५० | २४० | २३० | २२० |
| | ६० रोपनी भन्दा बढी | ५०० | ४०० | ३५० | ३०० |

नोटः १. अतिरिक्त कर सम्बन्धमा

क) ८० रोपनी भन्दा बढी १०० रोपनी सम्म जग्गा भएमा थप ४०% अतिरिक्त कर लाग्नेछ।

ख) १०० रोपनी भन्दा बढी जग्गा भएमा मालपोत लाग्ने करको अतिरिक्त थप ५०% कर लाग्नेछ।

नोटः २. जरिवाना सम्बन्धमा

क) हरेक आ.व.को मालपोत सलबसाली रुपमा आ.व. नसकिदै बुझाउनु पर्नेछ।सो नबुझाएसम्म निम्न बमोजिम जरिवाना लाग्नेछ।

१. पहिलो वर्ष भए १०%

२. दोश्रो वर्ष भएमा २०%

३. तेश्रो वर्ष भएमा ३०%

४. चौथो वर्ष भएमा ४०%

५. पाँचौं वर्ष भएमा ५०%

६. छैठौ वर्ष भएमा ६०%

७. सातौ वर्ष भएमा ७०%

८. आठौ वर्ष भएमा ८०%

९. नवौं वर्ष भएमा ९०%

१०. दशौं वर्ष भएमा १००%

११. र सो भन्दा बढी जतिसुकै वर्षको बक्यौता भए पनि १२५% जरिवाना लाग्नेछ।

*२ वर्षभन्दा लामो समयसम्म कर नबुझाउनेलाई जम्मा कर रकममा २५%, ५ वर्ष भन्दा बढी समय नबुझाउनेलाई ३५% र ८ वर्ष भन्दा लामो कर नबुझाउनेलाई ५० प्रतिशत थप जरिवाना लाग्नेछ।*

## अनुसूची ३
## ऐनको दफा (४) संग सम्बन्धित
## घर बहाल कर दररेट (आ.व. २०८१/८२)

| क्र.स | विवरण | रकम रु. / प्रतिशत | कैफियत |
|---|---|---|---|
| १. | वार्षिक ५०,००० /- सम्म | १० प्रतिशत | |
| २. | वार्षिक रु १,००,००० /- सम्म | १० प्रतिशत | |
| ३. | वार्षिक रु २,००,००० /- सम्म | १० प्रतिशत | |
| ४. | अन्य सम्झौताबाट हुनेमा | १० प्रतिशत | |

नोटः सरकारी र गैर सरकारी प्रयोजनको लागि लिइएका सम्पूर्ण किसिमको घर बहाल १० प्रतिशत रहनेछ।

## अनुसूची ४
## ऐनको दफा (५) संग सम्बन्धित
## व्यवसाय कर दररेट (आ.व. २०८१/८२)

| क्र.स. | सेवाको विवरण | दररेट रु. मा | कैफियत |
|---|---|---|---|
| **१.** | **किराना पसल** | | |
| | | **दर्ता** | **नवीकरण** |
| | १.१ किराना थोक पसल | २००० | १००० |
| | १.२ मुख्य सडकमा रहेको किराना/ कुद्रा पसल | १००० | १००० |
| | १.३ भित्रि सडकमा रहेको साना किराना पसल | ५०० | ५०० |
| **२.** | **जुत्ता चप्पल तथा कपडा पसल** | | |
| | २.१ कपडा तथा फेन्सी थोक पसल | १२०० | १००० |
| | २.२ कपडा तथा फेन्सी खुद्रा पसल | १००० | १००० |
| | २.३ जुत्ता चप्पल थोक बिक्रेता | १२०० | १००० |
| | २.४ जुत्ता चप्पल खुद्रा बिक्रेता | १००० | १००० |
| **३.** | **भाडा पसल / किचन सामाग्री** | | |
| | ३.१ भाडा तथा किचन सामाग्री थोक पसल | ३००० | १५०० |

| | | | |
|---|---|---|---|
| | ३.२ भाडा तथा किचन सामाग्री खुद्रा बिक्रेता | २००० | १००० |
| ४. | **होटल एण्ड लज** | | |
| | ४.१ होटल एण्ड लाज श्रेणी क (प्रति रात लज शुल्क ५०० वा सो भन्दा बढी भएको) | २५०० | १२०० |
| | ४.२ होटल एण्ड लज श्रेणी ख | १५०० | १००० |
| | ४.३ भोजनालय | १००० | १००० |
| | ४.४ रेस्टुरेन्ट / बार | ५००० | २५०० |
| | ४.५ मुख्य सडकमा भएको मिस्ठान्न पसल | ५०० | ५०० |
| | ४.६ सहायक सडकमा रहेको मिस्ठान्न पसल | ३०० | ३०० |
| | ४.७ मुख्य सडकमा रहेको चिया कफी पसल | १००० | १००० |
| | ४.८ भित्रि बाटोहरुमा रहेको चिया पसल | ५०० | ५०० |
| | ४.९ मादक पदार्थ बिक्रि गर्ने पसल तथा खाना खुवाउने | ४००० | २००० |
| ५. | **मदिरा/सुर्तीजन्य/हलुका पेय पदार्थ** | | |
| | ५.१ रक्सी, वियरको डिस्ट्रिब्युटर्स | ४००० | २००० |
| | ५.२ रक्सी , वियरको डिलर / सप्लायर्स | २५०० | १२०० |
| | ५.३ रक्सी, वियरको सव डिलर / सप्लायर्स | १५०० | १००० |
| | ५.४ रक्सी, वियरको खुद्रा बिक्रि पसल | १००० | १००० |
| | ५.५ चुरोट, विड़ी, सुर्तीजन्य पदार्थको डिलर पसल | ४००० | २००० |
| | ५.६ चुरोट. विड़ी, सुर्तीजन्य पदार्थको थोक पसल | १५०० | १००० |
| | ५.७ चुरोट. विड़ी, सुर्तीजन्य पदार्थको खुद्रा पसल | १००० | १००० |
| | ५.८ हलुका पेय पदार्थको खुद्रा डिस्ट्रिब्युटर्स | १००० | १००० |
| ६. | **सुचिकार (सिलाई) पसल** | | |
| | ६.१ सट सुटिङ सहितको टेलरीङ व्यवसाय | १००० | १००० |
| | ६.२ बुटिक ल्याबोरेटोरी | ५०० | ५०० |
| | ६.३ हाते मेसिन राखी सिलाई गर्ने | ५०० | ५०० |
| ७. | **सैलुन तथा ब्युटीपार्लर सेवा** | | |
| | ७.१ ब्युटीपार्लर सेवा तथा व्युटीसियन तालिम सहितको | २००० | १००० |
| | ७.२ ब्युटीपार्लर सेवा | १५०० | १००० |
| | ७.३ सैलुन | १००० | १००० |
| ८. | **निर्माण सामाग्री तथा विधुत सामाग्री पसल** | | |
| | ८.१ हार्ड वेयर/मेसिनरी/पेन्ट्स मार्वल तथा भाडा थोक पसल | ५००० | २५०० |
| | ८.२ हार्ड वेयर/मेशिनरी/पेन्ट्स तथा मार्वल पसल खुद्रा | २५०० | १२०० |

| | | | |
|---|---|---|---|
| | ८.३ विद्धुत सामाग्री खुद्रा पसल | १५०० | १००० |
| | ८.४ ग्लास हाउस आल्मुनियम फ्रेमिङ | ३००० | १५०० |
| ९. | **इलेक्ट्रोनिक बिक्रि पसल** | | |
| | ९.१ मोबाइल कम्पनि सेल्फ उपशाखा, डिस्ट्रिब्युटर्स | २००० | १००० |
| | ९.२ फ्रिज, टि.भी., डेक तथा पार्ट बिक्रि पसल | २००० | १००० |
| | ९.३ मोबाइल, थोक बिक्रि पसल | २००० | १००० |
| | ९.४ अडियो, भिडियो क्यासेट पसल सिडी समेत | १५०० | १००० |
| १०. | **मर्मत तथा सम्भार सेवा** | | |
| | १०.१ इन्जिन मर्मत — हेभी बस, ट्रकको वर्क शप | २००० | १००० |
| | १०.२ जीप, कार तथा ट्याक्टर मर्मत तथा सर्भिसिङ | १५०० | १००० |
| | १०.३ मोटरसाइकल मर्मत | १००० | १००० |
| | १०.४ इलेक्ट्रोनिक (हेभी) मर्मत सेवा | १५०० | १००० |
| | १०.५ इलेक्ट्रोनिक — लाइट, रेडियो, घडी, क्यालकुलेटर, प्रेसर कुकर, हिटर तथा अन्य सानो विद्युत सामान मर्मत | १००० | १००० |
| | १०.६ फलाम जस्तापाताको सामाग्री बनाउने तथा मर्मत | २००० | १००० |
| ११. | **पेट्रोलियम पदार्थ** | | |
| | ११.१ पेट्रोल पम्प | १०,००० | ५००० |
| | ११.२ पेट्रोलियम पदार्थ बिक्रि केन्द्र | ५००० | २५०० |
| | ११.३ पेट्रोलियम पदार्थ खुद्रा बिक्रि केन्द्र | ३००० | १५०० |
| | ११.४ ग्यास सिलिन्डर बिक्रि डिलर तथा मटितेल समेत | ३५०० | १५०० |
| १२. | **१२.१ कवाडी सामान, खालि बोरा खरिद बिक्रि** | ५०० | |
| १३. | **सुनचाँदी तथा गरगहना बनाउने पसल** | | |
| | १३.१ सुनचाँदी पसल होलसेल | ३००० | १५०० |
| | १३.२ सुनचाँदी पसल खुद्रा | २००० | १००० |
| १४. | **स्टेसनरी, पुस्तक तथा मनिहारी पसल** | | |
| | १४.१ स्टेसनरी तथा पुस्तक पसल (थोक) | २००० | १००० |
| | १४.२ स्टेसनरी तथा पुस्तक पसल (खुद्रा) | १००० | १००० |
| | १४.३ कस्मेटिक पसल | १५०० | १००० |
| | १४.४ धागो, टाँक, फस्नर पसल | ५०० | ५०० |
| १५. | **औषधी व्यवसाय** | | |
| | १५.१ औषधी थोक तथा डिस्ट्रिव्युटर्स | ५००० | २५०० |
| | १५.२ औषधी पसल चिकित्सक राखी व्यवसाय गरेको | ३००० | १५०० |

| | | | |
|---|---|---|---|
| | १५.३ औषधी खुद्रा पसल / मेडिकल | २००० | १००० |
| | १५.४ आयुर्वेदिक / होमियोप्याथिक औषधी पसल | १००० | १००० |
| | १५.५ एग्रोभेट | १००० | १००० |
| १६ | **संचार सेवा** | | |
| | १६.१ कलरल्याब सेवा | १००० | १००० |
| | १६.२ फोटो स्टुडियो | १००० | १००० |
| | १६.३ टि.भी. च्यानल प्रशारण सेवा | ५००० | १००० |
| | १६.४ केबुल च्यानल प्रशारण सेवा | ५००० | १००० |
| | १६.५ सामुदायिक एफ.एम. प्रशारण सेवा | ५००० | १००० |
| | १६.६ फोटोकपी / साइबर क्याफे सेवा | १००० | १००० |
| | १६.७ कुरियर सेवाको मुख्य कार्यालय, शाखा कार्यालय | १००० | १००० |
| | १६.८ कम्प्युटर र पार्ट्स सप्लायर्स | २००० | १००० |
| १७. | **वित्तीय सेवा** | | |
| | १७.१ बाणिज्य बैंक प्रति शाखा कार्यालय | ५००० | २५०० |
| | १७.२ विकास बैंक प्रति केन्द्रीय कार्यालय | ५००० | २५०० |
| | १७.३ विकास बैंक प्रति शाखा कार्यालय | ५००० | २५०० |
| | १७.४ फाइनान्स कम्पनि, वित्तीय सहकारी संस्था मुख्य कार्यालय | २००० | १००० |
| | १७.५ फाइनान्स कम्पनि, शाखा कार्यालय | १५०० | १००० |
| | १७.६ वित्तीय सहकारी संस्था | ४००० | २००० |
| | १७.७ लघु वित्त विकास बैंक शाखा कार्यालयहरु | ४००० | २००० |
| | १७.८ विमा कम्पनीहरु | १००० | १००० |
| | १७.९ मनि एक्स्चेन्जर, ट्रान्सफर सेवा | १००० | १००० |
| | १७.१० माथि उल्लेखित बाहेक अन्य सहकारी संस्थाहरुलाई | १००० | १००० |
| १८. | **माछा मासु बिक्रि पसल** | | |
| | १८.१ फ्रेस हाउस कुनै २ वटा एकै स्थानमा भएमा | १५०० | १००० |
| | १८.२ राँगा खसी, सुँगुर कुखुरामध्ये कुन १ वटा सेवा भएको | १००० | १००० |
| | १८.३ ताजा माछा, सिद्रा विक्री पसल | १००० | १००० |
| | १८.४ अण्डा विक्री पसल | ५०० | ५०० |
| | १८.५ गाई, गोरु, राँगा, भैंसी, खसी, बोका संकलन वा विक्री | प्रति गोटा २०० | |
| १९. | **लेखापरिक्षण तथा कम्प्युटर अनुवादक व्यवसाय** | | |
| | १९.१ लेखापरीक्षण व्यवसाय श्रेणी क | ३००० | १५०० |

| | | | |
|---|---|---|---|
| | १९.२ लेखापरीक्षण व्यवसाय श्रेणी ख | २००० | १००० |
| | १९.३ लेखापरीक्षण व्यवसाय श्रेणी ग | १००० | १००० |
| | १९.४ कम्प्युटर एनालिस्ट तथा प्रोग्रामर | १५०० | १००० |
| | १९.५ अनुवादक | १००० | १००० |
| २०. | **शिक्षा सेवा** | | |
| | २०.१ निजी शिक्षालय क्याम्पस | ८००० | ५००० |
| | २०.२ निजी शिक्षालय माध्यमिक विद्यालय | ४००० | २००० |
| | २०.३ निजी शिक्षालय आधारभूत बिद्यालय | २५०० | २५०० |
| | २०.५ निजी कक्षा थप | २००० | २००० |
| | २०.६ कक्षा ८ लाभ्धांङ्क / चारित्रिक प्रमाणपत्र संसोधन | ५०० | |
| | २०.७ छात्र / छात्राबास | १००० | १००० |
| | २०.८ मन्टेश्वरी तथा शिशु स्याहार केन्द्र | २००० | १००० |
| | २०.९ पोली टेक्निकल इन्स्टिच्युट प्रशिक्षण समेत | ५००० | २५०० |
| | २०.१० नर्सिङ, सि.एम.ए, एच ए. प्रशिक्षण केन्द्र | ६००० | ३००० |
| | २०.११ एजुकेसनल कन्सल्टेन्सी | २००० | १००० |
| | २०.१२ तालिम तथा अनुसन्धान केन्द्र (कम्प्युटर, भाषा, कोचिङ, सवारी चालक) | २००० | १००० |
| | २०.१३ संगीत, नृत्य, जिमखाना (फिटनेस सेन्टर) | १५०० | १००० |
| २१. | **ड्राइक्लिनर्स / धोवी पासा** | १००० | १००० |
| २२. | **ढुवानी सेवा** | | |
| | **२२ ख) ढुंगा ढुवानी** | प्रति ट्र्याक्टर १००<br>प्रति ट्रक २०० | |
| | **२२ ग) गिटी ढुवानी** | प्रति ट्र्याक्टर ५००<br>प्रति ट्रक १२०० | |
| | **२२ घ) बालुवा ढुवानी** | प्रति ट्र्याक्टर २००<br>प्रति ट्रक ५०० | |
| **IEE गरेको खण्डमा यो कर (२२ का कर) लागु हुने छैन** | | | |
| २३. | **फर्निचर एबं फर्निशीङ (स्टिल, काठ, आल्मुनियम)** | २००० | १००० |
| २४. | **स्नुकर तथा पुल हाउस, क्यारमबोर्ड** | २००० | १००० |
| २५. | **हाउजिङ तथा घर जग्गा खरिद विक्री** | १५००० | ७५०० |
| २६. | **पशु चिकित्सक** | ३००० | १५०० |
| २६.१ | **ग्रा.प.स्व.का** | १००० | १००० |
| २७. | **दन्त चिकित्सक** | ३००० | १५०० |

| | | | |
|---|---|---|---|
| २८. | इन्जिनियरिङ परामर्श सेवा | ३००० | १५०० |
| २९. | कानुन व्यवसायी | ३००० | १५०० |
| ३०. | विमा एजेन्ट / शेयर ब्रोकर | १००० | १००० |
| ३१. | कविराज | १००० | १००० |
| ३२. | चस्मा घर / व्यवसाय, सिसा | १५०० | १००० |
| ३३. | साइनबोर्ड लेखन | १००० | १००० |
| ३४. | डिपार्टमेन्टल स्टोर | ३००० | १५०० |
| ३५. | गिफ्ट तथा फोटो पसल | १००० | १००० |
| ३६. | बाँसको तयारी वस्तु विक्री केन्द्र | १००० | १००० |
| ३७. | फलफुल / पान पसल (ग्रोसरी) | १००० | १००० |
| ३८. | छापाखाना / अफसेट | ५००० | २५०० |
| ३९. | नर्सरी | ५०० | ५०० |
| ४०. | चाउचाउ / थुक्पा उद्योग | २००० | १००० |
| ४१. | कुकिज, पाउरोटी, फिंगर, पापड आदि उद्योग | १००० | १००० |
| ४२. | अगर बत्ति, मैन बत्ति | १००० | १००० |
| ४३. | छाला जन्य सामग्री तयारी, सिलाई समेत | १००० | १००० |
| ४४. | डेरी उद्योग | १००० | १००० |
| ४५. | ग्रिल उद्योग | ३००० | १५०० |
| ४६. | सिरक डस्ना उद्योग पसल | १००० | १००० |
| ४७. | मिनरल वाटर | ५००० | २५०० |
| ४८. | ढाका टोपी, पस्मिना उद्योग | १००० | १००० |
| ४९. | सार्वजनिक स्थलमा सर्कस प्रदर्शनी | ५०० प्रति दिन | |
| ४९.१ | घुम्ती व्यवसाय (पिकअपभेन, ट्रक आदि) | एक पटकको रु २०० | |

**अनुसूची ५**
**ऐनको दफा (६) संग सम्बन्धित**
**सेवा शुल्क, दस्तुर**

| ५०. | निवेदन तथा सिफारिस दस्तुर | | |
|---|---|---|---|
| | ५०.१ नगारिकता वंसज | २०० | |
| | ५०.२ नागरिकता अंगिकृत | ५०० | |
| | ५०.३ नागरिकता प्रतिलिपि | ३०० | |
| व्यक्तिगत घटना दर्ता | | | |
| | ५०.४ जन्म दर्ता (तोकिएको समयभित्र) | निशुल्क | |
| | ५०.५ जन्म दर्ता (तोकिएको समय बाहिर) | २०० | |
| | ५०.६ मृत्यु दर्ता (३५ दिनभित्र) | निशुल्क | |
| | ५०.७ मृत्यु दर्ता (३५ दिन बाहिर) | २०० | |
| | ५०.८ बसाइसराई (अन्तरिक) | निशुल्क | |
| | ५०.९ बसाइसराई (अन्तर पालिका - जिल्ला भित्र) | २०० | |
| | ५०.१० बसाइसराई (अन्तर पालिका - जिल्ला बाहिर) | ५०० | |
| | ५०.११ सम्बन्ध विच्छेद | ५०० | |
| | ५०.१२ व्यक्तिगत घटना दर्ता प्रतिलिपि | ५०० | |
| | ५०.१३ निवेदन दस्तुर (न्यायिक समिति) समेत | ५०० | |
| | ५०.१४ मिलापत्र (न्यायिक समिति) | ५०० | |
| | ५०.१५ किलापत्र पटके (न्यायिक समिति) | ५०० | |
| | ५०.१६ अपांङ सिफारिस | निशुल्क | |
| | ५०.१७ छात्रवृत्ति | १०० | |
| | ५०.१८ विपन्न सिफारिस (विपन्न विद्यार्थी छात्रवृति समेत) | निशुल्क | |
| | ५०.१९ आर्थिक अवस्था बलियो वा सम्पन्नता (Property Valuation) | ०.०५% प्रति हजार | |
| | ५०.२० अस्थायी वा स्थायी बसोबास सिफारिस | २०० | |
| | ५०.२१ विद्युत जडान | १०० | |
| | ५०.२२ धारा जडान सिफारिस | १०० | |
| | ५०.२३ रुख कटान सिफारिस | प्रति रुख ५० | |
| | ५०.२४ जीवित रहेको सिफारिस | २०० | |
| | ५०.२५ दुवै नाम रहेको व्यक्ति एकै रहेको सिफारिस | २०० | |
| | ५०.२६ जन्म मिति प्रमाणित/फरक जन्म मिति संशोधन सिफारिस | २०० | |

| | | | |
|---|---|---|---|
| | ५०.२७ चौपाया सम्बन्धि सिफारिस | २०० | |
| | ५०.२८ व्यक्तिगत विवरण वा चालचलन सिफारिस | २०० | |
| | ५०.२९ संरक्षक सिफारिस | २०० | |
| | ५०.३० जीवितसंगको नाता कायम | २०० | |
| | ५०.३१ मृतकसंगको नाता कायम | २०० | |
| | ५०.३२ निशुल्क / सशुल्क स्वास्थ्य उपचार सिफारिस | १०० | |
| | ५०.३३ दलित / आदिवासी / जनजाती सिफारिस | १०० | |
| | ५०.३४ अपुताली सिफारिस र अन्य | २०० | |
| | ५०.३५ हकवाला / हकदार प्रमाणित / मन्जुरीनामा कागज | २०० | |
| | ५०.३६ विवाहित / अविवाहित प्रमाणित | २०० | |
| | ५०.३७ अंग्रेजी सिफारिस | ५०० | |
| | ५०.३८ वडा सर्जमिन सिफारिस | ५०० | |
| | ५०.३९ पेन्सन सिफारिस (शिक्षक र निजामति, नेपाली सेना प्रहरी) | ५०० | |
| | ५०.४० पेन्सन सिफारिस (भारतीय, सिंगापुर र बेलायती सेना) | १००० | |
| ५१. | **मालपोत** | | |
| | ५१.१ घर बाटो प्रमाणित | २०० | |
| | ५१.२ ट्रेस नक्सा निर्माण तथा प्रमाणित प्रति कित्ता | ५० | |
| | ५१.३ जग्गा दर्ता वा नामसारी | २०० | |
| | ५१.४ नाम सच्याई सर्जमिन | ५०० | |
| | ५१.५ घर कायम - पक्की (प्रति वर्ग फिट) | रु ५ | |
| | ५१.६ घर कायम - कच्ची (प्रति वर्ग फिट) | रु १ | |
| | ५१.७ घर नक्सा पास (कच्ची) प्रति वर्ग फिट | रु २ | |
| | ५१.८ घर नक्सा पास सडक बाहिर (पक्कि) प्रति वर्ग फिट | रु ३ | |
| | ५१.९ घर नक्सा पास सडकले छोएको (पक्कि) प्रति वर्ग फिट | रु ५ | |
| | ५१.१० घर नक्सा पास सहकारी, सामुदायिक भवन अन्य - कच्ची | रु २ | |
| | ५१.११ घर नक्सा पास सहकारी, सामुदायिक भवन अन्य - पक्की | रु ४ | |
| | ५१.१२ चार किल्ला प्रमाणित | २०० | |
| | ५१.१३ जग्गा मुल्यांकन सिफारिस | प्रति रोपनी रु १० | |
| | ५१.१४ मोही लगत कट्टा | २०० | |

| | | | |
|---|---|---|---|
| **५२.** | **उद्योग व्यवसाय दर्ता, नवीकरण र बन्द** | | |
| | | **दर्ता** | **नवीकरण** |
| | ५२.१ व्यवसाय दर्ता (५,००,०००) सम्मको कुल पुजिं | १००० | १००० |
| | ५२.२ व्यवसाय दर्ता (१०,००,०००) सम्मको कुल पुजिं | १५०० | १२०० |
| | ५२.३ व्यवसाय दर्ता (१५,००,०००) सम्मको कुल पुजिं | २००० | १५०० |
| | ५२.४ व्यवसाय दर्ता (३०,००,०००) सम्मको कुल पुजिं | २५०० | २००० |
| | ५२.५ व्यवसाय दर्ता (३०,००,०००) माथिको कुल पुजिं | ३५०० | २५०० |
| | ५२.६ कृषि समूह | १००० | १००० |
| | ५२.७ आमा समूह | १००० | १००० |
| | ५२.८ अन्य समूहहरु (क्लब समेत) | १००० | १००० |
| | ५२.९ क्रसर/कंक्रिट/इटा भट्टा उद्योग | २५,००० | १०,००० |
| | ५२.१० बस तथा जिप काउन्टर | २००० | १००० |
| | | **एकमुस्ट** | |
| | ५२.११ उद्योग / व्यवसाय ठाउँसारी | १००० | |
| | ५२.१२ व्यवसाय नामसारी | ५०० | |
| | ५२.१३ व्यवसाय / उद्योग बन्द | ५०० | |
| | ५२.१४ व्यावसायिक प्रमाणपत्रको प्रतिलिपि | ५०० | |
| | ५२.१५ नवीकरण विलम्ब जरिवाना प्रति वर्ष | १० प्रतिशत | |
| **५३.** | **निर्माण व्यवसायी** | | |
| | | **दर्ता** | **नवीकरण** |
| | ५३.१ निर्माण व्यवसायी श्रेणी क | ३०,००० | |
| | ५३.२ निर्माण व्यवसायी श्रेणी ख | २५,००० | |
| | ५३.३ निर्माण व्यवसायी श्रेणी ग | २०,००० | |
| | ५३.४ निर्माण व्यवसायी श्रेणी घ | १५,००० | ६००० |
| **५४.** | **गैर सरकारी संस्थाहरु** | | |
| | ५४.१ स्थानीय गैर सरकारी संस्थाहरु | २००० | |
| | ५४.२ राष्ट्रिय गैर सरकारी संस्थाहरु | ४००० | |
| | ५४.३ अन्तरास्ट्रिय गैर सरकारी संस्थाहरु | १०,००० | |

## अनुसूची ६
## ऐनको दफा (७) संग सम्बन्धित
## बिज्ञापन कर

| ५५. | विज्ञापन कर | | |
|---|---|---|---|
| | ५५.१ होर्डिङ बोर्ड, ठूला विधुतीय बोर्डहरु — प्रति वर्ग फिट | प्रति वर्ग फिट रु ५० | |
| | ५५.२ तुल ब्यानर प्रति गोटा | १०० | |

**नोटः (बिज्ञापन कर सम्बन्धी)**

- कुनै पनि प्रकारका बिज्ञापन गर्दा गा.पा. बाट पूर्व स्वीकृति लिएर मात्र गर्न पर्दछ।
- नेपाल सरकारको नीति बमोजिम सार्वजनिक स्थलमा विज्ञापन गर्न बन्देज गरेको - मादक पदार्थ, सुर्तीजन्य ) जस्ता वस्तुहरुको विज्ञापन गर्न पाइने छैन।
- यातायात सवारीका साधनहरु विक्री प्रयोजनका लागि हुने विज्ञापनमा २५% थप गरि लिइनेछ।
- होटल तथा व्यापार व्यवसायको प्रवर्द्धन सम्बन्धी विज्ञापनहरुमा माथि उल्लेखित दररेटमा कर लिइनेछ।
- विभिन्न संघ संस्थाहरुबाट हुने सेवामुलक प्रचार प्रसारका सामाग्रीहरुमा उल्लेखित दरमा ५०% छुट दिइनेछ।
- नेपाल सरकारका तर्फबाट हुने जनचेतना अभिवृद्धिमुलक सूचना प्रचार प्रसारका सामग्रीहरुमा विज्ञापन कर लिइने छैन।
- व्यापार व्यवसाय वा कार्यालय रहेको स्थानको परिचयपाटीको हकमा विज्ञापन कर लिइने छैन।
- स्वीकृति नै नलिई राखिएका विज्ञापन सामग्री हटाउने र स्वीकृत दिन उपयुक्त ठानिएमा लाग्ने करको शत- प्रतिशत जरिवाना लिई स्वीकृति दिन सकिनेछ।
- गाउँपालिका क्षेत्रभित्र भित्ते लेखनलाई निरुत्साहित गरिनेछ।

## अनुसूची ७
## ऐनको दफा (८) संग सम्बन्धित
## पार्किङ शुल्क

| ५६. | पार्किङ शुल्क | | |
|---|---|---|---|
| | ५६.१ हलुका सवारी साधन - मोटरसाइकल, जीप, ट्याक्सी, ट्याक्टर, कार, भेन | १०० | |
| | ५६.२ भारी सवारी साधन (ट्रक, बस, ट्रीपर, आदि) | २०० | |

अनुसूची ८

ऐनको दफा (९) संग सम्बन्धित

बहाल बिटौरी कर

| ५७. | हाटबजार कर तथा मालबस्तुको दर रेट | | |
|---|---|---|---|
| | ५७.१ रेडिमेट कपडा पसल | | |
| | ५७.२ चामल प्रतिभारी | | |
| | ५७.३ चिउरा प्रतिबोरा | | |
| | ५७.४ दाल, आलु, कोदो, मकै लगायत | | |
| | ५७.५ फलफुल | | |
| | ५७.६ तरकारी पसल | | |
| | ५७.७ किराना प्रति पसल | | |
| | ५७.८ भाँडा पसल | | |
| | ५७.९ जुत्ता, चप्पल | | |
| | ५७.१० सुर्ती | | |
| | ५७.११ फलामबाट बनेको हातहतियार | | |
| | ५७.१२ कुखुरा वा हाँसको अण्डा प्रति दोकान | | |
| | ५७.१३ बधशाला | | |
| | ५७.१४ राँगा काटेको प्रति गोटा | | |
| | ५७.१५ सुँगुर काटेको प्रति गोटा | | |
| | ५७.१६ माछा पसल | | |
| | ५७.१७ सुँगुरको पाठा बिक्रि प्रति गोटा | | |
| | ५७.१८ कुखुरा बिक्रि प्रति गोटा | | |
| | ५७.१९ सटर भाडा प्रति दोकान | | |
| | ५७.२० माटोको भाँडा प्रति दोकान | | |
| | ५७.२१ काठको भाँडा प्रति दोकान | | |
| | ५७.२२ चटपटे प्रति पसल | | |
| | ५७.२३ केरा प्रति घरि | | |
| | ५७.२४ मादल | | |
| | ५७.२५ अन्य | | |

नोटः हाट बजार कर हाटबजार व्यवस्थापन समितिको निर्णय बमोजिम हुनेछ।

अनुसूची ९

ऐनको दफा (१०) संग सम्बन्धित

कर तथा शुल्क संकलन

| ५८. | माल बस्तु कर | प्रति के.जि. | |
|---|---|---|---|
| | ५८.१ अलैची | रु ५ | |
| | ५८.२ अम्रिसो | रु १ | |
| | ५८.३ मजिटो | ५० पैसा | |
| | ५८.४ रिठ्ठा | रु २ | |
| | ५८.५ अमला | रु २ | |
| | ५८.६ सुन्तला | रु २ | |
| | ५८.७ हर्रो | रु २ | |
| | ५८.८ बर्रो | रु २ | |
| | ५८.९ हाडे लसुन | रु २ | |
| | ५८.१० आलु | रु २ | |
| | ५८.११ कागती | रु २ | |
| | ५८.१२ चिराइतो | रु २ | |
| | ५८.१३ मह | रु २० | |
| | ५८.१४ लोकता | रु १ | |
| | ५८.१५ रुद्राक्ष | रु ५ | |
| | ५८.१६ फलफुल | रु २ | |
| | **५८.१७ चौपाया प्रति गोटा राँगा - ५००, बंगुर - २००, खसी, भेडा - २००** | | |
| | ५८.१८ गिटी | प्रति घन मि रु १० | |
| | ५८.१९ बालुवा | प्रति घन मि रु १० | |
| | ५८.२० सबै प्रकारका काठ तथा गोलियाहरु (ढुवानी) | प्रति टयाक्टर १००० प्रति ट्रक १५०० | |
| | ५८.२१ बाँस ढुवानी | प्रति टयाक्टर १००० प्रति ट्रक १५०० | |

| | | | |
|---|---|---|---|
| | ५८.२२ सतुवा | रु १० | |
| | ५८.२३ अदुवा | रु २ | |
| | ५८.२४ टिमुर | रु ५ | |
| | ५८.२५ पाँच औले / पाखनवेद | रु ५ | |
| | ५८.२६ अल्लो | रु ५ | |
| | ५८.२७ किवी | रु ५ | |
| | ५८.२८ लोठ सल्ला | रु ५ | |
| | ५८.२८ हाते कागज | रु १० प्रति कोरीको | |
| | ५८.२९ कबाडी समान (फलाम, टिन आदि) | रु २ प्रति केजी | |
| | **गाउँपालिकाको सामान प्रयोग गरेबापत लिइने सेवा शुल्क** | | |
| | ५८.३० सभाहल (टेबल, कुर्सि, साउण्ड सिस्टम सहित) | प्रति दिन रु ५०० | |
| | ५८.३१ प्लास्टिकको कुर्सि | प्रति गोटा रु ५ | |
| | ५८.३२ ब्याडमिन्टन कोर्ट प्रयोग बापत | प्रति दिन रु ५०० | |
| | ५८.३३ साउन्ड सिस्टम | प्रति दिन रु ३०० | |

**समाप्त**